म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- ८६ २०८० फागुन १ गते मंगलबार 13 February 2024, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-




# हेटौंडामा नवप्रवर्तन र उद्यमशीलताबारे अन्तर्राष्ट्रिय सम्मेलन हुँदै




*सम्मेलनबारे जानकारी दिनुहुँदै प्रिन्सीपल पुरनबहादुर जोशी ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेसले नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धनका लागि क्षमता विकाससम्बन्धी दुइ दिने अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गर्ने भएको छ। हेटौँडामा फागुन ५ र ६ गते सम्मेलनको आयोजना गरिने सोमबार पत्रकार सम्मेलनमार्फत जानकारी गराइएको छ।

विश्वविद्यालय अनुदान आयोग, पुम नेदरल्याण्ड्स सिनियर एक्सपर्ट, नेपाल युवा उद्यमी परिषद्, उद्योग संघ मकवानपुर, किङ्ग्स कलेज लगायत सहआयोजक रहेको सम्मेलनमा हेटौंडा उपमहानगरपालिका, बागमती प्रदेश युवा परिषद्, अन्तर्राष्ट्रिय श्रम संगठन, स्टार्ट अप नेशन २०३० साझेदार संस्थाको रुपमा रहेको छ। सम्मेलनमा २ सय भन्दा बढी सहभागी हुने बताइएको छ। सम्मेलनमा नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धन सम्बन्धी कार्यशाला तथा प्रदर्शनीहरु हुने सम्मेलन आयोजक समितिका प्रमुख दिपेश खनालले जानकारी दिनुभएको छ।

सम्मेलनमा हुने बहसमा सहभागीबीच परिचय स्थापित हुनुका साथै सञ्जाल निर्माण हुने, आविष्कार केन्द्रको स्थापनामा सरोकारवालालाई प्रेरित गर्ने, कार्यरत जनशक्तिको क्षमता विकासमा अभिप्रेरणा रहने अपेक्षा गरिएको खनालले बताउनुभयो। सम्मेलनमा मकवानपुरसँगै काठमाडौं चितवनसँगै विदेशी प्रतिनिधिको पनि सहभागिता रहनेछ। आयोजक संस्था हेटौंडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेसका प्रिन्सीपल पुरनबहादुर जोशीले अन्तर्राष्ट्रिय सम्मेलनलाई हेटौंडाको गौरवको रुपमा सफल बनाउनुपर्नेमा जोड दिनुभयो। उहाँले सम्मेलन आयोजनाका लागि सबैको साथ र सहयोगको अपेक्षा गरिएको उहाँले बताउनुभयो।

पत्रकार सम्मेलनमा सहभागी हुनुभएका उद्योग संघ मकवानपुरका निवर्तमान अध्यक्ष स्वागतराज प्याकुरेलले अन्तर्राष्ट्रिय सम्मेलन आधा सफल भइसकेको उल्लेख गर्नुभयो। हेटौंडामा पहिलो पटक यस किसिमको सम्मेलन आयोजना भइरहेको उहाँको भनाई छ। पत्रकार सम्मेलनमा हेटौंडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेस व्यवस्थापन समितिका अध्यक्ष देवप्रसाद श्रेष्ठको पनि उपस्थिति रहेको थियो।

# शैक्षिक तथा राजनीतिक रुपान्तरण आवश्यकः नेकपा नेता एटम सी

समाज संवाददाता

हेटौंडाः नेपाल कम्युनिष्ट पार्टीका पोलिटब्युरो सदस्य तथा नारायणी ब्युरो इन्चार्ज एटम सीले देशमा राजनीतिक तथा शैक्षिक रुपान्तरण हुनुपर्ने बताउनुभएको छ। अखिल क्रान्तिकारी जिल्ला कमिटी मकवानपुरको आयोजनामा सोमबार हेटौंडामा भएको शैक्षिक व्यापार विरुद्ध आन्दोलन तथा २५ औं जिल्ला सम्मेलनलाई सम्बोधन गर्नुहुँदै पोलिटब्युरो सदस्य एटमले यस्तो बताउनुभएको हो।

अहिलेको समयमा राजनीतिको क्षेत्रमा सुधार हुन नसकेको उहाँले बताउनुभएको छ। पछिल्लो समयमा भ्रष्टाचारको काण्डहरु बढ्दै गएकाले सरकारले भुटानी शरणार्थीको माध्यमले पैसा खाएको उहाँले बताउनुभएको छ। पुँजीवादी समाजको माध्यमले गलत ढंगबाट पैसा कमाउने कार्यहरु बढ्दै गएको उहाँले बताउनुभयो। विद्यालय र क्याम्पस व्यापार तथा व्यवसायको रुपमा विकास भइरहेको उहाँले बताउनुभयो। अहिलेको समयमा विभिन्न विद्यालयहरुले विद्यार्थीहरुको शिक्षालाई भन्दा पनि बढी पैसालाई प्राथमिकता दिने गरेको उहाँको भनाइ छ।

शिक्षा क्षेत्रमा सुधार ल्याउनका लागि सबै विद्यालयका विद्यार्थीहरु एकजुट हुनुपर्ने उहाँले बताउनुभयो। शिक्षा आर्थिक तथा व्यापारको क्षेत्रमा गएकाले शैक्षिक क्षेत्र कमजोर बन्दै गएको उहाँले बताउनुभयो।

**घरायसी अवस्था कमजोर भएका कारणले पढ्न नपाउने विद्यार्थीहरुलाई शिक्षित बनाउनका लागि आफूले पनि सक्दो कार्यहरू गर्ने उहाँको भनाइ छ।**

प्रगति र उन्नतिको परिवर्तन गर्नका लागि शिक्षा प्रणालीलाई मजबुत बनाउनुपर्ने उहाँको भनाइ छ।

अहिलेको समयमा नेपालबाट शिक्षा लिएका मानिसहरु पैसाको अभावले गर्दा बढी मात्रामा विदेश जाने, आमाबुबालाई हेला गर्ने र आफ्नो दायित्व पूरा नगर्ने गरेको उहाँले दावी गर्नुभएको छ। शैक्षिक क्षेत्रमा आमूल परिवर्तन ल्याउनुपर्ने बताउनुहुँदै अहिलेको बालबालिकाहरु बढी मात्रामा लागूपदार्थको दुव्यर्सनीमा पर्ने गरेको स्पष्ट पार्नुभयो।

शैक्षिक तथा राजनीतिक क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका लागि सबै राजनीतिक दलमा आवद्ध भएका व्यक्तिहरु लाग्नुपर्ने उहाँले बताउनुभयो। स्वाधीनताको रक्षाका निम्ति भ्रष्टाचार, श्रम शोषणविरुद्ध सबैले आवाज उठाउनुपर्ने उहाँको भनाइ छ। नेपालमा भएको विभिन्न विकृतिलगायतका कार्यहरुको अन्त्य गर्नुपर्ने उहाँले बताउनुभयो। अहिलेको समयमा जनविरोधी, राष्ट्रविरोधीलगायतका समस्या विरुद्ध आवाज उठाउनुपर्ने उहाँले प्रष्ट पार्नुभयो।

केन्द्रीय सदस्य वाटर सीले नेपालको संविधानले दिएको अधिकारको अनुशासित ढंगबाट प्रयोग हुनुपर्ने बताउनुभएको छ। राजतन्त्रको समस्यालाई न्यूनीकरण गर्नका लागि विद्यार्थी संगठनले आवाज उठाएको उहाँले बताउनुभयो। शिक्षालाई भन्दा पनि बढी पैसालाई प्रथमिकता दिने शिक्षकहरुको बिरोध गर्नुपर्ने उहाँले बताउनुभयो। सबै मानिसहरुले आफ्नो हक र अधिकार प्राप्तिका लागि विद्यालयस्तरबाट नै आवाज उठाउनुपर्ने बताउनुभयो। घरायसी अवस्था कमजोर भएका कारणले पढ्न नपाउने विद्यार्थीहरुलाई शिक्षित बनाउनका लागि आफूले पनि सक्दो कार्यहरु गर्ने उहाँको भनाइ छ।

सोमबार सम्पन्न भएको २५ औं सम्मेलनबाट सुवास सीको अध्यक्षतामा २१ सदस्यीय नयाँ कार्यसमिति चयन गरिएको छ। उपाध्यक्षमा दीलमाया सी, सचिवमा आकाश सी, सह-सचिवमा अञ्जना सी र कोषाध्यक्षमा निर्मला सी सर्वसम्मत चयन हुनुभएको छ। नवनिर्वाचित पदाधिकारीहरुको कार्यकाल १ वर्षको हुनेछ। अखिल क्रान्तरीकारी पूर्वजिल्ला अध्यक्ष सूर्य सी को सभाध्यक्ष तथा नेपाल कम्युनिष्ट पार्टीका पोलिटब्युरो सदस्य तथा नारायणी ब्युरोका इन्चार्ज एटम सीको प्रमुख आतिथ्यमा कार्यक्रमको उद्घाटन भएको हो।

# लागुऔषधसहित २ जना पक्राउ




समाज संवाददाता

हेटौँडाः पूर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडा-१५, रातोमाटे चेकपोष्टबाट मकवानपुर प्रहरीले लागुऔषधसहित २ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा पर्सा जिल्लाको बिन्दाबासिनी गाउँपालिका-१ का २८ वर्षीय मनु पण्डित र ३२ वर्षीय कृष्णप्रसाद कानु रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिनुभयो।

आइतबार बेलुका ७ बजेर १५ मिनेटको समयमा प्रहरी चौकी रातोमाटेबाट खटिएको प्रहरी टोलीले रातोमाटे लच्कामा पथलैयाबाट हेटौंडातर्फ आउँदै गरेको ज ३ प ७७२८ नम्बरको मोटरसाईकललाई सुरक्षाजाँच गर्दा मोटरसाईकलमा सवार पण्डित र कानुको साथबाट लागुऔषध फेला पारेको थियो। प्रहरीले उनिहरुको साथबाट लागुऔषध ओनरेक्स ८४ बोतल, नाईट्राभेट ३० ट्याब्लेट र प्रोक्सीको स्प्यास १६ क्याप्सुल फेला पारेको थियो। लागुऔषधसहित दुवैजनालाई नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

# ७७ जिल्लामा शान्ति आन्दोलन हुँदै

समाज संवाददाता

हेटौंडाः नेपालको ७७ जिल्लामा शान्ति आन्दोलन हुँदैछ। सोमबार राष्ट्र, राष्ट्रियता, धर्म, सस्कृति तथा नागरिक बचाउ महाअभियान र यातायात केन्द्रीय कार्यालयको आयोजनामा भएको पत्रकार सम्मेलनमा महाअभियान, केन्द्रीय यातायात संगठन विभाग प्रमुख निरोज खड्काले फाल्गुन २ गतेबाट ५-७ दिनसम्म ७७ जिल्लामा शान्तिपूर्ण आन्दोलन हुने भएको जानकारी दिनुभयो।

हेटौंडा-१०, टिसीएन रोडको दर्शन पार्टी प्यालेसमा भएको सम्मेलनमा मंगलबार काठमाडौंको टुँडीखेलमा पूर्वराजा ज्ञानेन्द्र शाहले दियो बाली आन्दोलन सुरु हुने बताइएको छ। महाअभियान यातायातको वार्षिक उत्सवको अवसरमा भएको कार्यक्रममा खड्काले यातायातअन्तर्गत महाअभियानको दोस्रो चरणको आन्दोलनमा यातायात व्यवसायी तथा चालक मजदुरहरुलाई आफ्नो सवारी साधन, घर, ग्यारेजमा राखी आन्दोलनमा सहभागी हुन अनुरोध गर्नुभएको छ।

काठमाडौंमा पूर्वराजा शाहले बत्ती बाल्नु भएपछि दुर्गा प्रसाईले पर्सिबाट हुने शान्तिपूर्व विरोध आन्दोलनको विवरण घोषणा गर्नुहुने बताउनुभएको हो। आज मंगलबारको कार्यक्रमका लागि हेटौंडाबाट ६ वटा गाडी र मनहरी गाउँपालिकाबाट ४ वटा गाडी जाने भएको छ। सरकारको संविधान तथा व्यवस्था खारेज गर्ने मगले आन्दोलन हुने भएको हो।



# सम्पादकीय

## अख्तियारको सक्रियता आवश्यक

सार्वजनिक पद धारण गरेका व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अनुसन्धान गरी भ्रष्टाचार नियन्त्रणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने संवैधानिक निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग क्रियाशील छ । नेपालको संविधान २०१९ को दोश्रो संशोधन २०३२ को व्यवस्थाअनुसार अख्तियार दुरुपयोग निवारण आयोगको रुपमा यसको सुरुवात भएको थियो । नेपाल अधिराज्यको संविधान २०४७ ले यस आयोगलाई संवैधानिक निकायको रुपमा व्यवस्था गरेको हो । उक्त संविधानको धारा ९७ अनुसार सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले अनुचित कार्य अथवा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानुनबमोजिम अनुसन्धान र तहकिकात गर्न संवैधानिक निकायको रुपमा २०४७ साल माघ २८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन भएको हो । यस दिनको सम्झनामा आयोगले प्रत्येक वर्ष आफ्नो स्थापना दिवस मनाउँदै आएको छ ।

बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माले अहिले देशमा भ्रष्टाचार बढ्दै गएको बताएका छन् । ३३ औं स्थापना दिवसको अवसरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको हेटौंडा कार्यालयले आइतबार आयोजना गरेको कार्यक्रममा उनले भ्रष्टाचार सूक्ष्मताबाट स्थुलतातिर लम्केकोमा चिन्ता व्यक्त गरेका छन् । पहिलेदेखि नै भ्रष्टाचार व्याप्त रहेका कारण तत्कालै भ्रष्टाचार अन्त्य गर्न सकिएन भनेर आत्तिन नहुने उनको भनाइ छ । आयोगमा भ्रष्टाचारको उजुरी बढ्दै गएको आयोगले पनि भ्रष्टाचार नियन्त्रणको काम गर्दै गएको उनले बताएका छन् । बागमती प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री रामकृष्ण चित्राकारले भ्रष्टाचारका कारण राज्यका कार्यव्यवस्था सुस्त बनेको बताएका छन् । बढ्दो भ्रष्टाचारसम्बन्धी उजुरीका कारण सरकारको काममा अवरोध सिर्जना भई ढिलाइ हुने गरेका कारण जनचाहना पूरा हुन नसकेको र जनता निराश बनेको उनको भनाइ छ ।

आयोगले कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानुन बमोजिम अनुसन्धान गर्न वा गराउन सक्नेछ तथा विशेष अदालतमा मुद्दा दायर गर्न सक्ने व्यवस्था रहेको छ । नेपालको संविधान २०७२, को भाग २१ को धारा २३८ मा आयोगको गठनसम्बन्धी व्यवस्था गरिएको छ भने धारा २३९ मा आयोगको काम कर्तव्य र अधिकार तोकिएको छ । संविधानमा व्यवस्था भएबमोजिम अख्तियार दुरुपयोग अनुसन्धानले कुनै पनि सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेको सम्बन्धमा कानुनबमोजिम अनुसन्धान गर्ने वा गराउन सक्ने व्यवस्था छ । यसरी भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानुनबमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्तिउपर कानुनबमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ ।

संघीयता कार्यान्वयनपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले काठमाडौं बाहिर प्रत्येक प्रदेशमा कार्यालय स्थापना गरेसँगै भ्रष्टाचारका उजुरी पनि बढ्दै गएको छ । नेपाल विश्वमा भ्रष्टाचार बढी हुने देशमध्ये १०८ औं स्थानमा रहेको छ । यसबाट पनि नेपालमा भ्रष्टाचार बढी हुने गरेको स्पष्ट हुन्छ । आयोगमा भ्रष्टाचारसम्बन्धी दैनिक ९० वटा उजुरी पर्ने गरेका कारण पनि देशमा भ्रष्टाचार बढ्दै गएको बुझ्न सकिन्छ । देशमा सुशासनको अवस्थामा अपेक्षित सुधार हुन नसकेका कारण आयोगमा उजुरी बढ्दै गएको मान्न सकिन्छ । तीनै तहका सरकारबाट हुने विकास निर्माण, बजेट विनियोजन, अनुदान वितरण, सेवा प्रवाहजस्ता काममा सार्वजनिक सम्पत्तिको हानि/नोक्सानी गर्ने, घुस र रिसवत लेनदेन गर्ने, गैरकानुनी लाभ लिने, बदनियत राखेर काम गर्ने र गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी उजुरी बढ्दै जानुले भ्रष्टाचार नियन्त्रणमा चुनौती थपिएको छ । यसले आयोग भ्रष्टाचारको अनुसन्धान र कारबाहीका लागि मुद्दा दायर गर्न थप सक्रिय हुनुपर्ने देखिएको छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार १११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |


## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : विशिष्ट व्यक्तिको सामीप्यता बढ्ला । |
| **वृष** | : रोकिएका कामहरु बन्ने समय योग छ । |
| **मिथुन** | : धार्मिक यात्रामा सरिक भइने योग छ । |
| **कर्कट** | : बाधा अड्चन टाढा हट्ने समय योग छ । |
| **सिंह** | : झैं-झगडाबाट टाढा रहने समय योग छ । |
| **कन्या** | : विशेष गतिविधिमा सरिक भइने समय योग छ । |
| **तुला** | : आहारबिहारमा सजगता अपनाउँदा राम्रो रहने छ । |
| **वृश्चिक** | : विलासिताका कुरामा मन जाने योग छ । |
| **धनु** | : वैकल्पिक कामको खोजीमा सफलता प्रँप्त होला । |
| **मकर** | : मानसिक तनाव बढ्ने समय योग रहेको छ । |
| **कुम्भ** | : प्रतिष्ठाका दृष्टिले त्यति भरपर्दो समय छैन । |
| **मीन** | : प्रतिष्ठा र सम्मान बढ्ने समय योग रहेको छ । |

# समस्या र चुनौतीमा बैंकिङ क्षेत्र



केशव आचार्य




कुनै पनि मुलुकको विकासात्मक कार्यका लागि बैंकिङ सहकार्य अनिवार्य नै हुन्छ । बैंक आमनागरिकसँग भएको बचतको संरक्षक र लगानीको सुविधाप्रदायक निकाय हो । सर्वसाधारणसँग भएको ससानो रकमलाई एकत्रित गरी उत्पादकलाई उत्पादन कार्यमा सहजीकरण गर्ने मुख्य उद्देश्यबाट बैंकहरू स्थापित भएका हुन्छन् । बैंक र उत्पादनबीचको सहसम्बन्धले अर्थतन्त्र चलायमान हुन्छ। उत्पादनको भर बैंकलाई र बैंकको भर उत्पादनलाई हुन्छ ।

केन्द्रीय बैंकसँग रहेको मुद्रा आमनागरिकसम्म पुर्याउने काम वाणिज्य बैंक, विकास बैंक, वित्त वा फाइनान्स र लघुवित्तले गरिरहेका हुन्छन् । नेपालको संविधान, २०७२ ले नगरपालिकाको संख्यामा उल्लेख्य वृद्धि गर्नुअघि लगभग ८२ प्रतिशत मानिस ग्रामीण क्षेत्रमा बस्थे। उनीहरूको प्रमुख पेसा कृषि थियो, जुन जीविकोपार्जनसँग मात्र सम्बन्धित थियो। व्यावसायिक उत्पादनप्रति उनीहरुको एक त ज्ञान कम थियो भने अर्को उत्पादनमा सहुलियत प्राप्त गर्न कर्जा दिने बैंकहरू नै थिएनन्। यस अवस्थामा विकास बैंकहरू स्थापना गरिए । त्यो सयममा ग्रामीण इलाकामार्फत दूरदराजमा रहेका मानिसमा बैंकसम्बन्धी बैंकिङ साक्षर बनाउने ठूलो भूमिका विकास बैंकहरूको थियो। विकास बैंकहरूले गाउँ-गाउँमा बैंक, यसको उद्देश्य र यसले गर्ने कार्यहरूको विषयमा जनचेतना फैलाउने काम गरे ।

नेपाली उत्पादनमूलक उद्योगहरूको स्थापना गर्नमा नेपालका विकास बैंकहरूको महत्वपूर्ण भूमिका रहिआएको छ। यिनले ग्रामीण क्षेत्रका दूरदराजमा पुगेर बैंकिङ चेतना फैलाउने काम गरे। बैंकिङ क्षेत्रमा सबै वर्ग-समुदायको पहुँच पुर्याउने उद्देश्यले बैंकलाई चार वर्गमा विभाजन गरियो। वाणिज्य बैंकले ठूला-ठूला व्यवसाय र व्यावसायिक घरानालाई हेर्ने, विकास बैंकले मध्यमवर्गीय व्यवसायीहरूलाई हेर्ने, फाइनान्स र लघुवित्तले ससाना व्यवसायी वा विशेषतः कृषकलाई हेर्नेजस्ता परिवेशबाट यी निकायको स्थापना भएको देखिन्छ।

### हालको अवस्था

कुनै पनि उद्यमीले आफूसँग भएको लगानी गर्ने पुँजी पर्याप्त नभएको अवस्थामा बैंकसमक्ष ऋणका लागि सम्पर्क गर्छन् । उद्यमीलाई बिनाधितो आवश्यक ऋण सुविधा उपलब्ध गराइदिँदा उत्पादनले गति लिन्छ र रोजगारीलाई टेवा पुग्छ। उद्यमीहरूलाई बैंकले ऋण सहयोग प्रदान गर्न तत्पर छ भनी बैंकहरूले विज्ञापन गरेको पाइन्छ, सोहीअनुरूप ऋण निकासा गराउनुपर्छ । तर, नेपालमा न त उद्यमीहरूले उद्योगको क्षमता वृद्धि गर्न तथा आवश्यक कच्चा पदार्थ खरिद तथा आयात गर्न ऋण पाउन सकेका छन्, न त प्राप्त गर्ने प्रक्रिया नै सरल छ । क्षेत्रगत कर्जाको विषयलाई हेर्दा आर्थिक वर्ष २०७८-७९ मा कुल कर्जाको ८.३ प्रतिशत कृषिक्षेत्रमा छ भने उत्पादनमूलक क्षेत्रमा जम्मा १५ प्रतिशत लगानी भएको छ । उपभोग्य कर्जाको हिस्सासमेत १८.५ प्रतिशत रहेको देखिन्छ । बैंक तथा वित्तीय संस्थाहरूले उत्पादनमूलकभन्दा अनुत्पादक क्षेत्रमा कर्जा प्रवाह बढाउँदै लगेका छन् ।

पछिल्लो समयमा उद्यमीहरूले बैंकिङ क्षेत्रबाट कर्जा प्राप्त गर्नका लागि घरजग्गा धितोको आवश्यकता, प्रक्रियागत झन्झटलाई प्रमुख समस्या मानेका छन् । संस्थागत क्षमताको विकास हुन नसकेको र कर्जा दुरुपयोगको सम्भावनासमेत रहेका कारण साना तथा मझौला उद्यममा पर्याप्त कर्जा प्रवाह हुन सकिरहेको छैन । साना तथा मझौला उद्योगका लागि कर्जा सुरक्षण गराई धितोको शतप्रतिशत वा बढी कर्जा दिने कार्यक्रम ल्याएको खण्डमा कृषि व्यवसाय तथा उद्यमहरुको प्रवर्द्धन हुने देखिन्छ । तर, त्यसो गर्न सकिएको छैन ।

उद्यम विकास, कृषि उद्यम र कृषिको लगानी क्षेत्रहरूमा वित्तीय पहुँच र वित्तीय समावेशीको अहम् भूमिका रहन्छ। यसमा प्रायशः उदीयमान, विकासशील तथा विकासोन्मुख देशहरूको बढी चासो रहेको पाइन्छ । नीति निर्माताहरूले कसरी नागरिकले लाभ लिन सक्छन् र लिएका हुन्छन् भन्ने विषयलाई चासो दिएको पाइँदैन । वित्तीय मध्यस्थकर्ता र वित्तीय बजार पर्याप्त मात्रामा प्रमुख विकासोन्मुख देशहरूमा विकासको चरणमा रहेको हुनाले तिनको विकासको चरणमा रहेको पाइएको छ, जसले गर्दा जनसंख्या र आर्थिक क्षेत्रले वित्तीय पहुँचबाट वञ्चित हुनुपरेको छ, जसका कारण आर्थिक विकास र वृद्धिमा नकारात्मक असर, आयको वितरणमा असमान, गरिबी घट्न नसक्नुजस्ता नकारात्मक आयामहरूको बाहुल्यता बढ्न पुग्यो । यस्तो असरले समष्टिगत आर्थिक स्थायित्वमा खलबल्याउन सक्ने अवस्था बन्छ । तसर्थ, सबैको समान पहुँच र पहुँचमा समावेशी हुनुपर्छ ।

वित्तीय समावेशीमा वित्तीय सेवा, वित्तीय वस्तुहरूमा बिना कुनै रोकावट मानिस तथा संघ-संस्थाहरूको समावेश हुन पाउने व्यवस्थालाई बैंकिङ क्षेत्रले व्यवस्थापन गर्न सक्नुपर्छ । जसबाट समाजका हरेक क्षेत्रले वित्तीय प्रणालीबाट लाभ, लगानी, अवसर, भविष्यका लागि बचत, जोखिमविरुद्ध बीमाजस्ता आर्थिक प्रणालीमा आबद्ध हुन पाउँछन् । यसबाट उद्यमीहरूमा वित्तीय पहुँच र समावेशिताले अहम् भूमिका खेल्छ। यसैगरी कृषि उद्यम विकास, कृषिमा लगानी गर्न वित्तीय पहुँच र समावेशीको आकर्षण बढ्न पुग्छ। यसर्थ नतिजामुखी वित्तमा पहुँच र वित्तीय समावेशीको भूमिका कृषिमा अधिक रहनुपर्छ। तर, वर्तमान प्रणालीले कृषिमा वित्तीय पहुँच र समावेशीको अवधारणालाई सही तवरबाट बुझ्न नसक्दा कृषिले विकास र वृद्धिको गति लिन सकेको छैन। नेपालमा वित्तीय पहुँच र समावेशीका प्रयासहरू सामान्य तवरबाट भइरहेका छन्, तर प्रयास पर्याप्त हुन सकेका छैनन् ।

विशेषतः कृषिजन्य उद्यमहरूमा बैंकिङ लगानी पुग्न सकेको छैन । कृषकहरूलाई यसबारे जानकारीको पनि कमी छ। बैंकहरू व्यापारिक व्यवसायीलाई मात्र फोकस गरेर ऋण प्रवाह गरिरहेका छन् । ऋण लिन झन्झटिलो प्रणाली, धाइरहनुपर्ने, प्रक्रिया लम्बेतानजस्ता प्रणालीले कृषिमा कृषि ऋणप्रतिको आकर्षकमा कमी छ । पछिल्ला दिनमा सरकारले दिने भनेको उत्पादनमूलक क्षेत्रको कर्जा सबैजसो बिचौलियाको हातमा पुगेको छ । वास्तविक कृषक यसबाट वञ्चित नै छन् भन्दा पनि फरक पर्दैन ।

हिजोआज बैंकिङ क्षेत्रमा विविध आधुनिक प्रविधि प्रणाली भित्रिए पनि नेपालमा अवस्थित विद्यमान स्थितिबाट बैंकिङ क्षेत्रमा समस्या तथा चुनौतीहरू सिर्जना भएका छन्, जसका कारण न उत्पादनले गति लिन सक्यो, न त बैंकहरू नै वास्तविक रूपमा सबल बन्न सके ।

नेपालमा बैंकिङ क्षेत्रको आकार बढेसँगै राष्ट्रिय अर्थतन्त्रको वृद्धि तथा विकास हुन सकेको छैन । बैंकिङ क्षेत्रमा परिचालित स्रोत अपेक्षित स्तरमा उत्पादनमूलक क्षेत्रमा प्रयोग नहुँदा बढ्दो वित्तीय गहनताले वित्तीय संकट मात्र निम्त्याउने देखिन्छ । वित्तीय पहुँचको दुरुपयोग हुन गएकाले बैंकिङ क्षेत्र राष्ट्रिय अर्थतन्त्रसँग जोडिन सकेको छैन। विप्रेषणलाई उत्पादनशील क्षेत्रमा उपयोग बढाउनका लागि उपयुक्त किसिमको बैंकिङ प्रणाली निर्माण गर्नुपर्ने आवश्यकता छ । २०७९ पुस मसान्तसम्ममा वाणिज्य बैंकहरूले प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गरेको कर्जा अनुपात २८.८ प्रतिशत रह्यो । लघु, साना तथा मझौला व्यवसायको राष्ट्रिय अर्थतन्त्रमा करिब २२ प्रतिशत योगदान रहेको अनुमान छ। यति ठूलो योगदानको तुलनामा लघु, साना तथा मझौला व्यवसायमा प्रवाहित बैंक कर्जाको अनुपात ९.५ प्रतिशत रहनु अत्यन्त थोरै हो ।

नेपालमा लघु, साना तथा मझौला उद्योग-व्यवसायतर्फ कर्जाको फरक कुल गार्हस्थ्य उत्पादनको १५ प्रतिशत रहेको देखिन्छ । बैंक तथा वित्तीय संस्थाहरूको कुल कर्जा प्रवाहमध्ये झन्डै ४० प्रतिशत कर्जा चालु पुँजी प्रकृतिको रहेको छ । चालु पुँजी प्रकृतिको कर्जाको साँवा तथा ब्याज भुक्तानी नभई कर्जाका लागि राखिएको धितोको पुनः मूल्यांकन गरी ब्याज भुक्तानीमा बैंक कर्जा लिई हिसाब मिलाउने प्रवृत्तिले बैंकको कर्जा असुली नहुने अवस्था बनेको छ । नयाँ उद्यमीले बैंक कर्जा नपाउने स्थिति आएको छ । अन्तर्राष्ट्रिय मुद्राकोषले चालुपुँजी कर्जासम्बन्धी नेपालको अभ्यासलाई गम्भीरतापूर्वक लिएको छ । व्यापारिक ऋणको लोभले गर्दा ऋणीहरू डुब्ने र बैंकहरूको खराब कर्जा अनुपात आगामी दिनमा बढ्ने देखिन्छ ।

कर्जाको सही किसिमले वर्गीकरण नहुँदा बैंकहरूको खराब कर्जा अनुपात न्यून रहेको र पुँजीको पर्याप्तता अनुपात वास्तविक हुन नसकेको अन्तर्राष्ट्रिय मुद्राकोषले समेत ठहर गरेको छ। पछिल्लो समयमा नेपालको बैंकिङ क्षेत्र केही सीमित व्यवसायीहरूको हातमा गएको देखिन्छ । मर्जरले सो प्रवृत्तिलाई झनै बढाएको छ । यसले बैंक जति ठूला हुँदै गए त्यति फेल भइरहेका छन् । अब आममानिस र साना उद्यमी-व्यवसायीहरुले वाणिज्य बैंकहरुबाट ऋण सुविधा पाउने दिन गए । बचत तथा ऋण सहकारी संस्थाको प्रभावकारी नियमन गर्ने संस्थाको अभाव छ। बचत तथा ऋण सहकारीमा समस्या आउँदा समस्त बैंकिङ प्रणालीमा संकट आउन सक्ने जोखिम बढेको छ ।

बजार ब्याजदर उपयुक्त स्तरमा राख्न नसक्दा वित्तीय स्रोतको अनुत्पादक क्षेत्रमा प्रयोग बढेको र बेलाबखत बाह्य तथा वित्तीय क्षेत्रमा संकटको स्थिति आउने गरेको छ । बैंकको ब्याजदर अस्वाभाविक रुपले जबर्जस्ती न्यून राख्न खोज्दा बैंक कर्जाको दुरुपयोग हुने गरेको देखिन्छ । राष्ट्र बैंकले अधिक तरलता भएको समयमा तरलता प्रशोधन गर्न हिचकिचाउँदा ब्याजदर व्यवस्थापन उसका लागि बेलाबखत टाउको दुखाइको विषय हुने देखिन्छ। बैंकिङ क्षेत्रले विप्रेषण आप्रवाहलाई उत्पादनशील क्षेत्रलाई जोड्न सकेको देखिँदैन ।

पछिल्लो समयमा बैंक कर्जा प्रवाह जोखिम क्षेत्रहरूमा बढ्दै गएको देखिन्छ । कल्याणकारी नियमले मात्र यो प्रवृत्तिलाई रोक्न सक्ने देखिँदैन । हाल बैंकर र व्यवसायी छुट्याउने एजेन्डा ओझेलमा परेको छ, जुन मर्जर नीतिका कारण ओझेलमा परेको हो । सहुलियत कर्जाको परिणाम बढे तापनि यस्तो कर्जा उत्पादनशील क्षेत्रमा जोडिन सकेको छैन । सहुलियतपूर्ण कर्जा असुलीमा समस्या आउन सक्ने जोखिम बढेको छ। बैंकहरुको धेरै कर्जा काठमाडौंमा मात्र सीमित रहेको देखिन्छ। ग्रामीण क्षेत्र तथा कृषिमा बैंक कर्जा विस्तार हुन सकेको देखिँदैन । सीमित व्यवसायीहरूको घेरामा बैंकहरु परेकाले यस्तो स्थिति आएको हो ।

बैंकहरूमा समय-समयमा साइबर आक्रमण हुने गरेको छ। वाणिज्य बैंकहरू पुँजीका हिसाबले ठूला भए पनि साइबर सुरक्षाका लागि आवश्यक लगानी गरेको देखिँदैन। यसका लागि राष्ट्र बैंकले वाणिज्य बैंकहरूले खुद नाफाको एक निश्चित प्रतिशत रकम प्रविधि तथा साइबर सुरक्षाका लागि छुट्ट्याउनुपर्ने व्यवस्था गर्नुपर्छ; त्यो गरेको छैन ।

ग्रामीण सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गर्नका लागि सरकारी तबरबाटै उच्चस्तरीय आयोग गठन गर्नुपर्ने देखिन्छ । यसलाई अल्पकालीन उपायको रूपमा अवलम्बन गर्दै वित्तीय एकाधिकार बढ्दै गएको र अन्तर्राष्ट्रिय व्यापारमा मात्र वित्तीय स्रोत केन्द्रित हुँदै जाने प्रवृत्तिलाई रोक्ने दीर्घकालीन उपाय अपनाउनु जरुरी छ । उद्योग-व्यवसाय दर्ता प्रक्रियालाई सरकारले सहजीकरण नगरी मुलुकमा लगानीको वातावरणमा सुधार आउने देखिँदैन। बैंक कर्जा उत्पादनशील क्षेत्रमा बढाउन यसको सुधार आवश्यक छ । सरकारी ऐनहरूका अतिरिक्त सार्वजनिक निजी साझेदारी तथा लगानी ऐनमा पनि समसामयिक सुधारको आवश्यकता देखिन्छ। यी सबै ऐनको सुधारको मुख्य मर्म कर्मचारीतन्त्र तथा शासकीय सुधारको आवश्यकता हो ।

ग्रामीण तथा लक्षित जनसमुदायलाई ब्याजदरमा राहत दिन र वित्तीय पहुँच विस्तार गर्न नेपाल सरकारले विभिन्न वित्तीय कोष स्थापना गर्नुपर्ने देखिन्छ । नेपाल सरकारले ग्रामीण तथा कृषि पूर्वाधार विकास कोष; लघु, साना तथा मझौला व्यवसाय वित्त कोष र सहकारी विकास कोष स्थापना गर्न आवश्यक छ। संघीय सरकारले यी कोषहरूका लागि बजेट विनियोजन गर्नुपर्ने हुन्छ। लघुवित्त र बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन, निरीक्षण तथा सुपरिवेक्षण व्यवस्था प्रभावकारी बनाउन दोस्रो तहको नियमनकारी निकायको आवश्यकता लामो समयदेखि महसुस हुँदै आएको छ। तर, सरकारले यस प्रकारको नियमनकारी निकाय स्थापना गरिसकेको छैन ।

हाल नेपालमा विद्यमान बैंक-वित्तीय संस्थाको समस्याको नियमन, नियन्त्रण र व्यवस्थापन गर्ने निकाय नेपाल राष्ट्र बैंक नै हो। यसले मौद्रिक नीतिको तर्जुमा तथा कार्यान्वयनका लागि संस्थागत सुधार र पारदर्शितामा जोड दिनुपर्ने देखिन्छ । अब नेपाल राष्ट्र बैंकले प्राप्त गरेको स्वायत्ततालाई उत्तरदायित्वसँग जोड्नुपर्ने देखिन्छ । मौद्रिक नीतिको तर्जुमा तथा कार्यान्वयन प्रक्रियाको आधुनिकीकरणमा नेपाल सधैं पछि परिरहनुपर्ने कुनै कारण छैन । तर पनि नियामक निकायको भूमिकालाई यसले पूर्ण रुपले अवलम्बन गर्न सकेको छैन ।

बैंकलाई उत्पादनसँग नजोडिएसम्म आधारभूत वस्तुको उत्पादनले गति लिन सक्दैन । वास्तवमा पूर्वाधार र दैनिक जीवनसँग सरोकार राख्ने संरचना, वस्तुको निर्माण र उत्पादनमा बैंक तथा वित्तीय संस्थाको गहन भूमिका हुन्छ। तर पनि सरकारले नीति निर्माणलाई चुस्त-दुरुस्त नबनाएसम्म बैंकहरू व्यापारिक कर्जामा मात्र उत्साहित हुन्छन्, उत्पादनमूलक उद्यमले कर्जा पाउने सम्भावना न्यून हुन्छ । कर्जा केवल धितोमा आधारित बन्दै जान्छ, उत्पादनले प्रश्रय पाउँदैन । हाल नेपालको धितो प्रणाली कर्जामा मात्र आधारित रहेको पाइन्छ ।

*(स्रोतः कारोबारदैनिक)*

# पदमपोखरी अस्पतालमा उपकरण अभाव



*केही समयअघि पदमपोखरी अस्पतालको उद्घाटन कार्यक्रममा सहभागी।*

समाज संवाददाता

हेटौंडा. हेटौंडा उपमहानगरपालिका-१३ स्थित पदमपोखरी अस्पतालमा उपकरण अभाव भएको छ । पुस १९ गतेबाट सञ्चालनमा आएको पदमपोखरी अस्पतालमा उपकरण तथा जनशक्तिको अभाव रहेको हो ।

पदमपोखरी स्वास्थ्य चौकीको स्तरोन्नति गर्दै हेटौंडा उपमहानगर पालिकाले पदमपोखरी अस्पताल बनाएको छ । अस्पतालमा डा. निशान अर्यालले सेवाग्राहीलाई सेवा दिँदै आउनुभएको छ । हेटौंडा उपमहानगरपालिकाले अस्पतालमा माग गरेअनुसारको कर्मचारी तथा विभिन्न आवश्यक उपकरण पठाउन नसकेको डा. अर्यालले बताउनुभयो ।

अस्पतालमा प्रयोगशाला प्राविधिक नभएका कारण प्रयोगशाला सञ्चालनमा आएको छैन । अस्पतालले उपमहानगर पालिकासँग आवश्यकताअनुसार फार्मेसी र प्रयोगशालामा एक-एक जना कर्मचारीको माग गरेको हो। अस्पताललाई बीमामा लैजाने क्रममा विभिन्न मापदण्ड पूरा हुनुपर्नेछ । अस्पतालको आफ्नै प्रायोगशाला, फार्मेसी, आर्थिक मानक सेवा, आवश्यक कर्मचारीलगायतका मापदण्ड पूरा हुनुपर्छ । यी सब नभएका कारण अस्पताललाई बीमामा लैजान नसकेको डा. अर्याल बताउनुहुन्छ ।

डा. अर्यालका अनुसार अस्पतालमा प्रयोगशाला भएमा बिरामीको रोग पहिचान गर्न सकिन्छ। पदमपोखरी स्वास्थ्य चौकी सञ्चालन गरेका ५ जना कर्मचारीबाट अस्पतालले सेवा प्रदान गरिरहेको अस्पतालका सिनियर अहेव शेरबहादुर ब्लोनले बताउनुभयो। बिना जनशक्ति र उपकरण अस्पताल सञ्चालन गर्न समस्या भइरहेको उहाँले जानकारी दिनुभयो ।

हेटौंडा उपमहानगरपालिका स्वास्थ्य शाखा प्रमुख भोला चौलागाईंले अस्पतालमा उपकरण र कर्मचारी अभाव भएको कुरा जानकारीमा आएको बताउनुभयो। पहिले उपकरण भएर काम नभएको हुँदा तत्काल पठाउन समय लागिरहेको उहाँको भनाइ छ। यस्तै, कर्मचारी पठाउने तयारीसमेत भइरहेको चौलागाईंले जानकारी दिनुभयो।

स्वास्थ्य चौकीबाट स्तरोन्नति गरेर अस्पतालले दैनिक ओपीडी सेवा, परिवार नियोजन, मेडिकल, गर्भपतन सेवा प्रदान गरिरहेको छ । प्रत्येक महिनाको ६ गते स्तन क्यान्सरसम्बन्धी जाँच गर्ने गरेको सिनियर अहेब ब्लोनले जानकारी दिनुभयो। हरेक महिनाको २० गते पोषणसम्बन्धी सेवा दिँदै आएको एवम् प्रत्येक आइतबार र शुक्रबार परिवार नियोजन सेवा सुचारु भइरहेको ब्लोनले बताउनुभयो ।

अस्पतालमा दैनिक ६० जना बिरामी जाँच गर्न आउने गरेका छन्। डा. अर्याल अस्पतालमा आउनु भएपछि बिरामीहरु रुघाखोकी, नसर्ने रोग, गर्भवती, मधुमेह, रक्तचापको समस्या लिएर आउने गरेका छन्। अस्पतालले हरेक मंगलबार मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम सञ्चालन गरिरहेको छ । कार्यक्रममा अस्पतालले मधुमेह तथा रक्तचापको निःशुल्क जाँच गरी बुधबार पूर्ण जाँचका लागि हेटौंडा अस्पताल रिफर गर्ने गरेको छ।

पदमपोखरी अस्पतालमा दुईवटा एम्बुलेन्समध्ये एउटामात्र सञ्चालनमा रहेको छ । पदमपोखरीका स्थानीय सीता मुक्तानका अनुसार अस्पतालले राम्रो सेवा दिइरहेको र अहिले ठिक भएपनि धेरै बिरामी आउने क्रममा जनशक्तिको अभाव देखिने बताउनुभयो । डाक्टर आएपछि सेवामा सुधार आएको स्थानीय मनिराम भोलनले बताउनुभयो । स्वास्थ्य जाँच गर्न धेरै टाढा जानु नपरेको र सेवा थप हुँदै गएको उहाँको भनाइ छ । यस्तै, सुरेश लामाका अनुसार अस्पतालको बारेमा केही गुनासो नआएको र सेवामा स्तरोन्नति भइरहेको छ ।

# बागमतीमा विकासमा भन्दा तलबभत्तामा धेरै खर्च

हेटौंडाः चालु आर्थिक वर्षको ६ महिनामा बागमती प्रदेश सरकारको विकास बजेट खर्च निराशाजनक देखिएको छ। चालु आर्थिक वर्ष २०८०/०८१ को ६ महिनामा प्रदेश सरकारको पुँजीगत अर्थात् विकास बजेट खर्च १३ प्रतिशतमात्रै छ। तलबभत्ता र कार्यालय व्यवस्थापनमा भने विकास खर्चको तुलनामा झण्डै दोब्बर खर्च भएको छ।

बागमती देशका सात प्रदेशहरुमध्ये सबैभन्दा ठूलो आकारको बजेट ल्याउने र बढी आम्दानीको स्रोत भएको प्रदेश हो । बागमती प्रदेशले ६२.७० अर्बको बजेटमा चालुतर्फ २६.०७ अर्ब र पुँजीगततर्फ २१.६६ अर्ब बजेट विनियोजन गरेको थियो । तर, विकास बजेट खर्चमा बागमती सुरुवाती वर्ष अर्थात् २०७५/०७६ देखि नै कमजोर छ ।

चालु आर्थिक वर्षको अर्धवार्षिक रिपोर्टअनुसार सरकारले विनियोजित बजेटको २२.६७ प्रतिशत चालु खर्च गरेको छ । त्यस्तै पुँजीगत खर्च १३ प्रतिशत गरेको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ । आम्दानी भने वार्षिक लक्ष्यको ३१ दशमलब ६१ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । चालु आर्थिक वर्षमा ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार रुपैयाँ आम्दानी गर्ने लक्ष्य भए पनि १९ अर्ब ८२ करोड ४० लाख ७४ हजार रुपैयाँ अर्थात् लक्ष्यको ३१.६१ प्रतिशत आम्दानी गरेको हो ।

### पूर्वाधार विकास मन्त्रालयकै खर्च न्यून

प्रदेश व्यवस्थापिकालाई छुट्याइएको ५ करोड ५० लाख रुपैयाँ पुँजीगत खर्च चालु आर्थिक वर्षको ६ महिनासम्म पनि शून्य छ । मुख्य न्यायाधिवक्ताको कार्यालयका लागि छुट्याइएको १३ लाख १३ हजार रुपैयाँ पनि अहिलेसम्म खर्च भएको छैन ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयका लागि विनियोजन गरिएको ४४ करोड ७१ लाख रुपैयाँमध्ये १ दशमलव २३ प्रतिशतमात्र खर्च भएको देखिन्छ । पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयका लागि विनियोजन गरिएको १ अर्ब ५२ करोड ५१ लाख रुपैयाँमध्ये चालु आर्थिक वर्षको ६ महिनामा जम्मा ५ दशमलब १९ प्रतिशतमात्र खर्च भएको मन्त्रालयले जनाएको छ ।

सबैभन्दा बढी पुँजीगत खर्च गर्ने कृषि तथा पशुपछी विकास मन्त्रालयले २० दशमलब ७१ प्रतिशत खर्च गरेको छ। कृषि मन्त्रालयका लागि चालु आर्थिक वर्षमा ७२ करोड ५७ लाख रुपैयाँ पुँजीगत खर्च शीर्षकमा विनियोजन भएको थियो।

पूर्वाधारको विकास गर्ने जिम्मेवारी पाएको मन्त्रालयकै पुँजीगत खर्च निराशाजनक छ । ६ महिनामा पूर्वाधार विकास मन्त्रालयले जम्मा १५ दशमलब ५४ प्रतिशतमात्र खर्च गरेको देखिन्छ । मन्त्रालयले गरेको यो पुँजीगत खर्च चालु खर्चको तुलनामा आधामात्र हो। ६ महिना अवधिमा मन्त्रालयको चालु खर्च ३० दशमलब ६८ प्रतिशत छ ।

प्रदेशका धेरै सरकारी कार्यालय भाडाको घरमा बसिरहेका छन् । तर, स्थापनाको ६ वर्षसम्म पनि बागमती सरकारले प्रादेशिक संरचना निर्माण गर्न सकेको छैन ।

गत आर्थिक वर्ष २०७९/०८० मा ७० अर्ब ९३ करोड ९२ लाख ९१ हजार बजेट ल्याएको बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि ८ अर्ब बढी बजेट घटाएको थियो । चालुतर्फ २६ दशमलब ७ अर्ब र पुँजीगततर्फ २१ दशमलब ६६ अर्बको विनियोजित बजेटलाई आधार मान्दा पनि बागमतीमा विकास निर्माणभन्दा कर्मचारी तथा पदाधिकारीको तलब, भत्तामा बढी खर्च भइरहेको हो । कार्यकर्ता व्यवस्थापनका लागि करारमा गरिने कर्मचारी भर्ती, राजनीति नियुक्ति लिएका पदाधिकारीको अस्वाभाविक सेवासुविधाले पनि खर्च बढाइरहेको छ ।

### हरेक वर्ष निराशाजनक विकास खर्च र फ्रिज बजेट

बागमतीमा हरेक वर्ष बजेट खर्चको अवस्था निराशाजनक छ । आर्थिक वर्ष २०७५/०७६ मा ६० प्रतिशत बजेट खर्च भएको थियो । सोही वर्ष ४० प्रतिशत फ्रिज भएको थियो । प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयका अनुसार आर्थिक वर्ष २०७६/०७७ मा ५८ प्रतिशत खर्च गरेको थियो भने ४२ प्रतिशत बजेट फ्रिज भएको थियो । आर्थिक वर्ष २०७७/०७८ मा प्रदेश सरकारले ६२ प्रतिशत खर्च गरेको थियो भने ३८ प्रतिशत फ्रिज भएको थियो । आर्थिक वर्ष २०७८/०७९ मा ६६ प्रतिशत खर्च हुँदा ३४ प्रतिशत बजेट फ्रिज भएको थियो ।

गत आर्थिक वर्ष २०७९/०८० मा ४७ अर्ब ६४ करोड ९८ लाख रुपैयाँ खर्च गरेको हो । जसमा ६९ दशमलब ९० प्रतिशत चालु खर्च र ६७ दशमलब १९ प्रतिशत पुँजीगत खर्च भएको थियो। चालु खर्च २८ अर्ब ७६ करोड २० लाख ७५ हजार हुँदा पुँजीगत खर्च २८ अर्ब २८ करोड ७७ लाख ७३ हजार रहेको हो। गत आर्थिक वर्षमा पुँजीगत खर्च कोषको १३ अर्ब ८१ करोड ७ लाख ७३ हजार रुपैयाँ बजेट फ्रिज भएको थियो ।

*(स्रोतः अनलाइनखबर)*




# बालविकास रणनीति बारे अन्तरक्रिया

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयले प्रारम्भिक बालविकास रणनीति २०८० सम्बन्धमा सरोकारवालासँग अन्तरक्रिया गरेको छ। सोमबार हेटौंडामा सरोकारवालाबीच अन्तरक्रिया गरेको हो। सामाजिक विकास मन्त्रालयका निमित्त सचिव खुविराम अधिकारीको अध्यक्षता तथा सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्य रहेको थियो ।

अन्तरक्रियामा सहभागीले बालविकास रणनीतिको मस्यौदामाथि छलफल गरी आवश्यक सुधारका लागि सुझाव समेत पेश गरिएको थियो। अन्तर क्रियाका लागि प्लान इन्टरनेशनलले प्राविधिक सहयोग गरेको थियो भने मानव तथा राष्ट्रिय विकास समाज (ह्याण्डस) को समन्वय/सहयोगमा कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा सामाजिक विकास मन्त्रालयको महाशाखा प्रमुख गोपाल कँडेल, बालविकास विज्ञद्वय सञ्जीब जोशी र नरबहादुर पाखिनले मस्यौदाको खाका र अवधारणा प्रस्तुत गर्नुभएको थियो ।

सामाजिक विकास मन्त्रालयका निमित्त सचिव खुबीराम अधिकारीले मस्यौदामाथि सरोकारवालाहरुको सुझावको आधारमा परिमार्जन गरी मन्त्रालयले सुधारिएको रणनीति पारितका लागि प्रक्रिया अघि बढाउने बताउनुभयो। ह्याण्ड्सका अध्यक्ष बासुदेव अधिकारीले बागमती प्रदेशस्तरीय एकीकृत प्रारम्भिक बालविकास रणनीतिको आवश्यकता र महत्वको बारेमा चर्चा गर्नु भएको थियो। कार्यक्रममा प्लान ईन्टरनेशनलका मिहिर झा, मन्त्रालयको सामाजिक विकास महाशाखा प्रमुख अमृत अधिकारी, राष्ट्रिय मानव अधिकार आयोग हेटौंडाकी रेवा रेग्मीको पनि उपस्थिति रहेको थियो ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



## विद्यालयस्तरीय क्रिकेट प्रतियोगिता

# भूटनदेवी, नवोदय र आधुनिक विजयी



*विद्यालय स्तरीय क्रिकेट प्रतियोगिताको पहिलो खेलामा वियरी टीम भूटनदेवी माविका विद्यार्थीहरु ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित हुप्रचौरमा जारी स्वर्गीय निरज श्रेष्ठ स्मृति दोस्रो विद्यालयस्तरीय टी-२० क्रिकेट प्रतियोगिताअन्तर्गत् सोमबार भएका खेलहरुमा भूटनदेवी मावि, नवोदय शिशु सदन र आधुनिक राष्ट्रिय मावि विजयी भएका छन् । पहिलो खेलमा हेटौंडा-५ स्थित जीएस निकेतन बोर्डिङलाई ८ विकेटले हराउँदै हेटौंडा-४ स्थित भूटनदेवी माध्यमिक विद्यालय विजयी भएको हो ।

टस जितरे पहिले ब्याटिङ गरेको जीएस निकेतनले १३ ओभर ३ बलमा १० विकेट गुमाएर ६२ रन बनाएको थियो । जीएस निकेतनको तर्फबाट अजय चौधरीले १३ रन, प्रियान्सु यादव र प्रियान्सु बिडारीले समान १०-१० रन जोडेका छन् । भूटनदेवीका सजित खानले सर्वाधिक ४ विकेट लिएका छन् । नरेन्द्र अधिकारीले ३ विकेट लिएका हुन् ।

जवाफी ब्याटिङमा उत्रिएको भूटनदेवीले ९ ओभर २ बलमा २ विकेटको क्षतिमा लक्ष्यलाई भेट्टायो । जीएस निकेतनका अजय चौधरीले मात्र २ विकेट लिएका थिए ।

सोमबार भएको दोस्रो खेलमा हेटौंडा-२ स्थित बालजागृति बोर्डिङलाई १० विकेटले हराउँदै हेटौंडा-४ स्थित नवोदय शिशु सदन विजयी भएको छ । टस जितेर पहिले ब्याटिङ गरेको बालजागृतिले निर्धारित १५ ओभरमा ८ विकेटको क्षतिमा ४८ रन बनाएको थियो । बालजागृतिका आदित्य चौलागाईंले २० रन जोडेका थिए । अभिषेक पन्तले १२ रन बनाएका हुन् । नवोदयका रोनश उप्रेतीले ४ र तेजश नेपालले ३ विकेट लिएका थिए ।

जवाफी ब्याटिङ गरेको नवोदयले ६ ओभरमा कुनै पनि विकेट नगुमाइ बालजागृतिले दिएको लक्ष्यलाई भेट्टायो । नवोदयबाट सचिन यादवले १८ रन र अरभ यादवले २० रन जोडेका हुन् । खेलको म्यान अफ द म्याच रोनश उप्रेती भएका छन् ।

मंगलबारको अन्तिम खेलमा भानु माविलाई १० विकेटले हराउँदै आधुनिक राष्ट्रिय मावि विजयी भएको छ । टस जितेर पहिले ब्याटिङ गरेको भानु माविले १० ओभरमा ८ विकेट गुमाएर ३५ रन बनाएको थियो । भानु माविका सृजन देवकोटाले ८ रन बनाएका थिए । आधुनिक माविका राहुल यादवले ३ विकेट लिएका थिए ।

जवाफी ब्याटिङ गरेको आधुनिकले २ ओभर ४ बलमा बिना विकेटको क्षतिमा भानु माविले दिएको लक्ष्यलाई भेट्टाएको थियो । आधुनिकका प्रिना यादवले सर्वाधिक २४ रन बनाएका छन् । खेलको म्यान अफ द म्याच राहुल भएका छन् ।

मकवानपुर जिल्ला क्रिकेट संघको आयोजनामा सञ्चालन भइरहेको प्रतियोगितामा १३ विद्यालयको सहभागिता रहेको प्रतियोगिता संयोजक सञ्जोक पोखरेलले बताउनुभयो । प्रतियोगिताको उपाधि विजेता टिमले ४० हजार रुपैयाँ र उपविजेता टिमले २० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिता आयोजनाका लागि विभिन्न निकायहरुबाट सहयोग प्राप्त भएको प्रतियोगिता संयोजक पोखरेलले बताउनुभयो ।

## बालज्योतिको वार्षिकोत्सव सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-५, पिप्लेस्थित बालज्योति माविमा ४८ औं वार्षिक उत्सव सम्पन्न भएको छ । आइतबार वार्षिक उत्सवको अवसरमा विद्यालयमा विभिन्न कार्यक्रमहरु भएको प्रधानाध्यापक भरत अर्यालले जानकारी दिनुभयो ।

विद्यालयमा नृत्य, स्काउटले मार्च पास, उत्कृष्ट विद्यार्थीहरुलाई पुरस्कार वितरण, शिक्षक सम्मान, अभिभावक भेला, अभिभावक खेल, पुरस्कार वितरण, एसईईमा राम्रो नतिजा प्राप्त गर्नेलाई अक्षय कोषको छात्रवृत्ति वितरण गरिएको छ । अक्षयकोषको दाता पुरुषोतम थापा, यादव पराजुली अक्षयकोषको दाता रहेको अर्यालले बताउनुभयो ।

कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्य रहेको थियो । यस्तै, कार्यक्रममा पूर्वमेयर हरिबहादुर महत, शिक्षा विकास महाशाखाका प्रमुख हरिश्चन्द्र सापकोटा, हेटौंडा-५ का वडा अध्यक्ष सुशील घिमिरेलगायतको उपस्थिति रहेको हो ।

## सिद्धार्थ डोजाङलाई तेक्वान्दो सामग्री सहयोग



समाज संवाददाता

हेटौंडाः हेटाँडा उपमहानगरपालिका २ नम्बर वडा कार्यालयले सिद्धार्थ तेक्वान्दो डोजाङलाई खेलकुदको सामग्री सहयोग गरेको छ । आइतबार वडा कार्यालयमा एक समारोहबीच सिद्धार्थ डोजाङलाई सामग्री सहयोग गरेको सिद्धार्थ माविका प्रधानाध्यापक मोहनप्रसाद शर्माले जानकारी दिनुभएको छ ।

तेक्वान्दो खेलमा आवश्यक पर्ने करिब २० हजार रुपैयाँ बराबरको सामग्री सहयोग गरिएको छ । चेस्टप्याड, किकिङ प्याड, हेल्मेट, लेगगार्डलगायत समाग्री सहयोग गरेको वडा अध्यक्ष विष्णुगोपाल महर्जनले बताउनुभयो । प्राप्त सामग्रीको प्रयोगबाट बालबालिकालाई नियमितरुपमा प्रशिक्षण तथा अभ्यास गर्न सहज हुने प्रशिक्षक युसुफ हुसेनले बताउनुभयो ।

सामग्री सहयोगपछि बालबालिकाको प्रशिक्षणमा थप सहयोग पुग्ने हुसेनले विश्वास व्यक्त गर्नुभएको छ । नियमित ३० जना बालबालिकाहरु प्रशिक्षणमा सहभागी हुने गरेको हुसेनको भनाइ छ । यही फागुन महिनाको दोस्रो हप्तासम्मा ग्रेडिङ गराउन लागेको हुसेनले बताउनुभयो । प्रशिक्षक हुसेनले ३-३ महिनाको अवधिमा ग्रेडिङ गराउने गर्नुभएको छ ।

सामग्री वितरण कार्यक्रममा वडा सदस्य सुरज बर्तौला, जिल्ला तेक्वान्दो कार्यसमितिका अध्यक्ष लालकाजीरत्न बज्राचार्य, कोषाध्यक्ष रवीन्द्र डंगोल, सहसचिव सुरसा ढुंगाना र तेक्वान्दो प्रशिक्षक हुसेनको पनि उपस्थिति रहेको थियो ।

## मोटरसाइकल दुर्घटनामा एकजनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुरको ईन्द्रसरोवर गाउँपालिका-२, भञ्याङडाँडामा मोटरसाइकल दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ ।

सोमबार दिनको ४ बजेर १५ मिनेटको समयमा बा ९० प ३६०४ नम्बरको मोटरसाइकल सडकदेखि करिब ५ सय मिटर तल खसेर दुर्घटना भएको हो । दुर्घटनामा परी हेटौंडा-६, चौघडाका ४५ बर्ष राजेन्द्र पिठाकोठीको मृत्यु भएको हो ।



**घर-घरमा शिक्षकः** हेटौंडा-१८, हर्नामाडीस्थित ज्योति माविका शिक्षकहरु विद्यार्थीको घर-घर पुगेर घरमा विद्यार्थीको पढाइको अवस्था, घरपरिवारमा शैक्षिक वातावरण, बालबालिकाले पढाइमा दिने समयका बारेमा अभिभावकसँग छलफल गर्दै । विद्यालयले १ विद्यार्थी २ मिनेट कार्यक्रमअन्तर्गत घरदैलो कार्यक्रम गरेको जनाएको छ । शिक्षकले विद्यालयका लागि अभिभावकको सल्लाह, सुझाव सङ्कलन समेत गरेको जनाएको छ । विद्यालय सेवा क्षेत्रभित्र विभिन्न समूहमा खटिएर शिक्षकहरुले अभिभावकसँग अन्तरक्रिया गरेका छन् ।

## दुर्घटनामा घाइते ठाकुरको मृत्यु

समाज संवाददाता

हेटौंडाः पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा-१०, रानीदरबार अगाडि शनिबार साँझ स्कुटर दुर्घटनामा घाइते हेटौंडा-९, एचआईडीका प्रशान्त कुमार ठाकुरको मृत्यु भएको छ ।

कर्राबाट हेटौंडा बजारतर्फ जाँदै गरेको ना १ ह ३१२७ नम्बरको मयुरी रिक्सा मोड्न खोज्दा सोही दिशामा रहेको बागमती प्रदेश ०३-००५ प ६२०५ नम्बरको स्कुटर ई-रिक्साको पछाडी ठक्कर खाई दुर्घटना हुँदा स्कुटर चालक १९ वर्षीय ठाकुर घाईते भएका थिए । ठाकुरको चितवन जिल्लाको भरतपुर महानगर पालिकास्थित पुरनो मेडिकल कलेजमा उपचारको क्रममा सामेबार दिउँसो २ बजेर ३६ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

मयुरी पर्सा जिल्लाको पटेर्वा सुगौली गाउँपालिका-४ का ३२ वर्षीय सतेन्द्र बैठा धोबी प्रहरीको नियन्त्रणमा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिनुभएको छ ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

## धादिङ र रामेछापमा २ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः विभिन्न घटनामा २ जनाको मृत्यु भएको छ । धादिङ र रामेछाप जिल्लामा एकै दिन २ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

धादिङ जिल्लाको बेनिघाट रोराङ गाउँपालिका-२, छापडाँडामा टिपर आफै अनियन्त्रित भई पल्टिँदा एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा २९ वर्षीय गोविन्द श्रेष्ठ रहेको प्रहरीले जानकारी दिएको छ । आइतबार गौरीशंकर स्कुलस्थित ताल्ती मलेखु भित्री सडकखण्डमा ताल्तीबाट छापडाँडातर्फ जाँदै गरेको बा ४ ख ३५५९ नम्बरको खाली टिपर आफै अनियन्त्रित भई बाटो छेउमा पल्टिँदा टिपरमा सवार ३ जना घाइते भएका थिए । दुर्घटनामा बेनिघाट रोराङ गाउँपालिका-२ का ३७ वर्षीय सिताराम पाठक, ३ वर्षीय किशोर उप्रेती र गोविन्द श्रेष्ठ घाइते भएका थिए । घाइते तीनै जनालाई उपचारका लागि ट्रमा सेन्टर काठमाडौं लगिएकोमा उपचारको क्रममा गोविन्दको मृत्यु भएको प्रहरीले जनाएको छ ।

यस्तै, रामेछाप जिल्लाको गोकुलगंगा गाउँपालिका-५, मैनाले जंगलमा रुखबाट लडेर एकना महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा ६५ वर्षीया नरकुमारी सुनुवार रहेको प्रहरीले जानकारी दिएको छ । आइतबार सुनुवा रंगलमा वुहारीसँग घाँस काट्न गएकोमा रुखमा चढी घाँस काट्ने क्रममा अचानक रुखबाट लडी घाइते भएकी थिइन् । घाइते सुनुवारलाई उपचारका लागि मन्थलीस्थित सामुदायिक अस्पताल लगिएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

## बिरामीलाई फलफुल र पानी

समाज संवाददाता


हेटौंडाः हेटौंडा उपमहानगरपालिका-१ स्थित हेटौंडा अस्पतालका ४० जना बिरामीलाई निलकण्ठ दिवसको अवसर मा आनन्दमार्ग प्रचारक संघ हेटौंडा शाखाले पानी, फलफुल, बिस्कुट वितरण गरेको हो । सन् १९५५ मा स्थापित भएको आनन्दमार्ग अभियान देशभर रहेको शैलेन्द्र श्रेष्ठले जानकारी दिनुभयो ।

## घलानको मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुरको भीमफेदी गाउँपालिका-१, शिखरबासमा एक जना महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा ६५ वर्षीया बेलिमाया घलान रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

बुधबार दिउँसो ४ बजेको समयमा घलान आफ्नै घरमा बान्ता गरी बिरामी भएकोमा उपचारका लागि हेटौंडास्थित सहकारी अस्पताल ल्याएकोमा राति १० बजेर ३० मिनेटको समयमा उपचारको क्रममा मृत्यु भएको थियो । अनुसन्धानको क्रममा घलानले विषादी सेवन गरेको हुनसक्ने डाक्टरले बताएको प्रहरीले जनाएको छ ।




## वैदेशिक रोजगारीका सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरू

- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारीमा नजाऔं,
- वैदेशिक रोजगारमा जानुअघि आवश्यक सीप तथा भाषा सिकौं,
- आफू जान लागेको देश, गर्ने काम र पाउने पारिश्रमिकको जानकारी लिऔं,
- अर्काको लहैलहैमा वैदेशिक रोजगारमा नजाऔं,
- ईजाजत प्राप्त कम्पनीमार्फत रोजगारीमा जाऔं, दलालको फन्दामा नपरौं,
- सुरक्षित वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिएर मात्र जाऔं,
- नेपालको विमानस्थल प्रयोग गरेर मात्र वैदेशिक रोजगारमा जाऔं,
- सरकारले तोकेभन्दा बढी रकम मागेमा तुरुन्त वैदेशिक रोजगार विभाग वा स्थानीय प्रशासनमा खबर गरौं,
- विदेशमा कमाएको रकम सुरक्षित राखौं र आधिकारीक माध्यमबाट मात्र घर पठाऔं,
- विदेशमा फजुल खर्च नगरौं, कमाएको रकम बचत गरी घर फर्की आफैं उद्यमी बनौं,
- श्रम स्वीकृतिको अवधि सकिएपछि अनिवार्य स्वदेश फर्किऔं,
- पुनः जानुपर्ने भए श्रम स्वीकृति लिएर मात्र जाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ